# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति
२०७४ चैत्र २३

### मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको तयारी पूरा

दण्डहीनताको अन्त्य, मानव अधिकार उपभोगको सुनिश्चितता सम्बन्धमा दक्षिण एशियाली राष्ट्रहरूमा देखिएका समस्या तथा प्रगति सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७४ चैत्र २६ गते देखि २८ गते (तदनुसार ९ अप्रिल, २०१७ देखि ११) सम्म काठमाण्डौंमा **"Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity and Realizing Human Rights in South Asia"** विषयक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दैछ ।

उक्त सम्मेलनमा अफगनिस्तान, बङ्गलादेश, भारत, माल्दिभ्स, पाकिस्तान, श्रीलंका, मलेशिया, नेपाल, म्यानमार, जोर्डन लगायत दक्षिण एशियाका राष्ट्रिय मानव अधिकार संस्थाका प्रमुख आयुक्त एवं आयुक्तहरू, मानव अधिकार राष्ट्रिय संस्था, एशिया प्रशान्त मञ्चका प्रमुख, Global Alliance for National Human rights Institutions (GANHRI) का जेनेभा प्रतिनिधि, मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागिता रहने छ । सम्मेलनमा विभिन्न २० राष्ट्रका ५० भन्दा बढि अन्तर्राष्ट्रिय प्रतिनिधिहरू रहनेछन् । सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीद्वारा समुद्घाटन गरिने उक्त सम्मेलनमा नेपाल सरकारका प्रतिनिधिहरू, विषयगत आयोगका प्रमुख, संक्रमणकालीन न्यायिक संयन्त्रका प्रमुख, नेपाल स्थित विदेशी कुटनीतिक निकायका प्रमुख, संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालयका प्रमुख, मानव अधिकारकर्मी, मानव अधिकार उल्लंघनबाट पीडित व्यक्ति, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी लगायतको सहभागिता रहने छ ।

सम्मेलनमा दक्षिण एशिया तथा एशिया प्रशान्त क्षेत्रमा विद्यमान दण्डहीनता, संक्रमणकालीन न्याय, अभिव्यक्ति स्वतन्त्रता, महिला तथा सीमान्तकृत समुदाय लगायत मानव अधिकारका प्रमुख सवालहरूमा विज्ञहरू बाट कार्यपत्र प्रस्तुत हुने र सो सम्बन्धमा गहन छलफल गरी साझा अवधारणा स्वरुप काठमाण्डौं घोषणा पत्र जारी गरी सम्मेलन समापन गर्ने कार्यक्रम रहेको छ । सम्मेलनको समापन सम्माननीय प्रधानमन्त्रीज्यूबाट हुने कार्यक्रम रहेको छ । उक्त सम्मेलनलाई सफल पार्न आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org